नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १८४ | २०७६ साल फागुन ८ गते बिहीबार (20 Feb. 2020 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालको नागरिक भएर ... ३ पृष्ठमा : एक वर्षमा पन्द्र सय... ३ पृष्ठमा : कोरोना भाइरसबाट चीनमा ...

# कोरोना भाईरसबारे जानकारी दिने उद्देश्यले क्याम्पसका विद्यार्थीहरुको नौलो प्रयास



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजस्थित माइक्रोबायोलोजिका विद्यार्थीहरुले कोरोना भाईरसको प्रभाव र यसबाट जोगिने उपायबारे सचेतना फैलाउने उद्देश्यले बुधबार नौलो कार्यक्रमको आयोजना गरेका छन् ।

क्याम्पस परिसरमा एक कार्यक्रमको आयोजना गरी माईक्रोबायोलोजि चौथो वर्षमा अध्यनरत १० जना विद्यार्थीहरुले सरोकारवालाहरुलाई राखेर



कोरोना भाईरसको संक्रमण तथा यसबाट सुरक्षित रहने उपायबारे सचेतना दिएका छन् ।

विद्यार्थीहरुले कोरोना भाईरसको विभिन्न आकृति निर्माण तथा श्रव्यदृश्य लगायतका माध्यमले सचेतना फैलाउने कार्यको शुभारम्भ गरेका हुन ।

कोरोना भाईरसको विभिन्न आकृति समेत राखेर भयावह बन्दै गएको कोरोना भाईरस रोगबारे सर्वसाधारण सचेत गराउने प्रयास गरिएको छ ।

माईकोबायोलोजि चौथो वर्षमा अध्यनरत अंजली ठाकुर, आफरिन कौशर, टिना आनन्द, किरण गुप्ता, पुजा दास, पुजा साह, हिरा कुमारी साह, प्रियंका देव, आर्दश राज, शिवचन्द्र यादव र सुस्मिता सोनी गरी १० जना विद्यार्थीहरुले सचेतनामूलक कार्यक्रम तयार पारेको क्याम्पसको माईक्रोबायोलोजि विभागका प्रमुख सियाराम भगतले जानकारी दिएका छन् ।

माईक्रोबायोलोजि विभागका प्रमुख भगतले यस्ता कार्यकमले कोरोना भाइरसको त्रास धेरै हदसम्म न्युनिकरण हुने विश्वास समेत व्यक्त गर्दै क्याम्पसको इतिहासमै यस्ता कार्यक्रम पहिलो पटक भएकोमा खुशी समेत व्यक्त गरे । उनले आफ्ना विद्यार्थीहरुको सहयोगमा यस्ता कार्यक्रमले क्याम्पसको

*बाँकी अन्तिम पृष्ठमा*

# एसईईमा निजि विद्यालयहरुलाई पनि केन्द्राध्यक्ष घोषणा गर्नुपर्ने माग




**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

एसईई परिक्षाका लागि केन्द्राध्यक्ष चयन गर्दा निजि विद्यालयहरुलाई पनि प्रतिशतको आधारमा केन्द्राध्यक्ष घोषणा गर्नुपर्ने लगायत विभिन्न माँगहरु राख्दै बुधबार निजि विद्यालयहरुको छाता संगठनहरुले शिक्षा बिकास

*बाँकी अन्तिम पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

# कुनै पनि कुरिती प्रहरीको एक्लो प्रयासले अन्त नहुने : प्रदेश २ प्रहरी प्रमुख कार्की



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

प्रदेश २ का प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक प्रधुम्न कार्कीले कुनै पनि कुरिती प्रहरीको एक्लो प्रयासले अन्त नहुने भन्दै यसका लागि नागरिक समेतको सहयोग आवश्यक रहेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# बैदेशिक रोजगारीका लागि जाँदा सतर्कता अपनाऔं

बैदेशिक रोजगारका लागि जाँदा विभिन्न सतकर्ता अपनाउनु पर्ने आवश्यकता रहेको छ । रोजगारीका विदेश जाँदा अहिले धेरै नेपालीहरु ठगिने गरेका छन् । सरकारले तोकेको म्यानपावर र एजेन्टसँग सम्पर्क नगर्दा युवाहरु ठगिने प्रवृती बढ्दै गएको छ । यता वैदेशिक रोजगार जानुभन्दा अघि वा जादै गरेको तथा गई सकेपछि अपनाउनुपर्ने सावधानी वारे समयमै जनचेतना अभिवृद्धि गर्नु पनि उत्तिकै आवश्यक रहेको छ । अनि मात्र सुरक्षित तरीकाबाट बिदेश जानका लागि सम्पुर्ण युवाहरु जागरुक बन्नुपर्ने आवश्यकता रहेको छ ।

पढेलेखेर पनि नेपालमा जागिर पाउँन नसकेपछि बाध्य भई यहाँका युवाहरु बिदेश पलायन हुन बाध्य भएका छन् । आफ्नो मुलुकमा रोजगारी नपाएर युवाहरु बिदेशिने क्रम दिन प्रतिदिन बढ्दै जानु अत्यन्त दुःखदायी क्षण हो । वैदेशिक रोजगार असुरक्षित बन्दै गएकोले आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सुचनामा पहुँच पुर्‍याउनुपर्ने र सही सूचना लिएर मात्र बिदेश जादाँ सुरक्षित हुने देखिएकाले त्यस तर्फ समयमै सबैको ध्यान जानुपर्ने आवश्यक रहेको छ ।

तसर्थ युवाहरुले बिदेश जानु पर्दा सुरक्षित तरीकाबाट जानकारी प्राप्त गरेर मात्र जानु ठीक हुन्छ । अन्यथा बिदेशमा गएर ठगिनु भन्दा टाढा रहने सक्ने भएकाले समयमै त्यसतर्फ जिम्मेवार निकायहरु जागरुक बन्नुपर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालको नागरिक भएर नागरिकता नहुँदाको पीडा



**सोनी खातुन**

कुनै पनि देशको नागरिक भएर बाँच्न नागरिकता नभइ नहुने चिज हो । जोसँग नागरिकता हुँदैन, उसको पीडा अथाह हुन्छ। यो पीडा आफूले नभोगेसम्म बुझ्न सकिन्न। म पनि यो पीडाबाट गुज्रिरहेकी छु। म नेपाली भए पनि नागरिकता बिना नै जीवन बिताउँन मुस्किल मात्र नभएर जीवन नै असहज भएको छ।

म २० वर्षकी भएँ । उमेरसँगै मेरो आफ्नो र परिवारप्रति दायित्व बढेको छ । मैले पनि केही काम गरी पढाई खर्च र सकेसम्म आफ्नो परिवारलाई सक्दो सहयोग गर्ने सोच बनाएकी हुन। तर मेरो नागरिकता बन्न नसकेकोले धेरै कामबाट वञ्चित हुनु परेको छ। नागरिकता बिना जीवन जिउँदा त पहिलो मेरो काम गर्ने जीवनमा पनि असर पर्दो रहेछ भन्ने बुझेकी हुँ ।

नेपालमा बसेर आफ्नो भविष्य बनाउन नसकिने कुरा एउटा तीतो सत्य हो । मेरो सोच पनि विदेशमा काम गरी नेपालमा आफ्नो भविष्य सपार्ने ठूलो सपना थियो । तर आफ्नै देशमा नागरिकता बिना जीवन बिताउन संघर्ष गर्ने व्यक्तिले त्यो ठूलो सपना देख्नु दुरूह जस्तै भएको छ । आफूसँग नागरिकता नभएकोले लगभग शैक्षिक शिक्षा प्राप्त गरेर केही गर्न सक्छु भन्ने आशा पनि टुटेको छ । अब नागरिकता बिना आफ्नो जीवन धेरै अन्धकार बित्ने रहेछ भन्ने अनुभव गर्दै अगाडि बढ्दै छु ।

बाल्यकालमा हँदा मलाई जीवन धेरै सजिलो हुन्छ जस्तो लाग्थ्यो । बाल्यकालमा जीवन सजिलो लाग्नु स्वभाविक हो । तर आफ्नो शिक्षाको स्तर बढ्दै जाँदा जीवन सजिलो हुन्छ यो भन्ने कुरा मात्र हो भन्ने थाहा पाएँ र आफ्नो शैक्षिक अध्ययन गर्दै गर्दा स्कूल र कलेजमा नागरिकताको आवश्यक्ता पर्दा बल्ल नागरिकता के हो भन्ने थाह पाएँ। स्कूलमा जसोतसो पढ्न पाए पनि कलेजमा नागकिरता अनिवार्य हुँदो रहेछ। कलेज पढ्ने क्रममा मैले नागरिकताको आवश्यक्ता महसुस गरें । आफू नेपालको नागरिक हुँदा हुँदै पनि नागरिकताको दुःख पाइने रहेछ भन्ने कुरा पनि मैले बुझेँ । पहिला पहिला मलाई राम्रो पढाई हुँदा राम्रो जागिर पाइन्छ जस्तो लाग्थ्यो तर अहिले आएर यो थाहा भयो कि राम्रो जागिर पाउनलाई राम्रो शिक्षा भन्दा नागरिकता चाहिँदो रहेछ। नागरिकता नभपछि राम्रो जागिर होइन जागिर नै नपाइने रहेछ ।

नागरिकता नभएर जागिर खान जाँदा राम्रो बायो-डाटा हरेर भोली आउनु भन्नेहरूले नागरिकता लिएर आउनु भन्दा मन खिन्न हुन्छ। जागिर खाने क्रममा धेरै ठाउँमा रिजेक्सन भन्ने कुरा देख्नु पर्‍यो। सधैं आफ्नो आत्मबल डगमगाउँदै गएको महसुस गरें । नागरिकता नभएर जागिर खाँदा मात्र दुःख नभएर अरू ठाउँहरूमा पनि दुःख भोग्नु पर्ने हुँदो रहेछ। नागरिकता नै आफ्नो पहिचान हुँदो रहेछ । चाहे आफूले जति नै राम्रो काम गरे पनि। मान्छेको विश्वास जित्न पनि धरै नै गाह्रो हुँदो रहेछ। आफू इमान्दार भएतापनि एउटा नागरिकता नहुँदा सँधै निराश हुनु पर्दो रहेछ । जागिर आफ्नो ठाउँमा छ तर नागरिकता बिना आफ्नो केही अस्तित्व नहुने रहेछ।

नागरिकता नभएर आफ्नो जीवन पूरा अन्धकारमा रहने र आफ्नो नाममा केही गर्न असम्भव हुँदो रहेछ भन्ने कुरा थाहा पाएँ। आफूले सबै काम गर्न सक्ने क्षमता हुँदाहुँदै पनि केही गर्न नपाउँदा आफू पुरै तरिकाले केही गर्न नसक्ने अनुभव गरें । धेरै दुःख गरेर पढि सकें पनि आफ्नो पढाई केही काम नलाग्ने हुँदा के गर्नु के नगर्नु जस्तो अनुभव गर्दै गएँ । आफ्नो लागि केही गर्न नसक्ने अवस्थामा आमाबुवालाई छोरी भएर पाल्ने सपना चक्नाचुर भएको अनुभव गरेकी छु।

आफूसँग नागरिकता नहुनु भनेको आफ्नो जीवन पुरा अन्धकारमा बित्नु हो। आफू गरिब भएकोले होला जागिर नहुँदा नागरिकता बिना जीवन अन्धकार लागेको हो । आफूले आफ्नो लागि आफैँ सबै गर्न सक्ने उमेरमा पनि आमाबुवामा निर्भर हुनु पर्दा साह्रै निराश लाग्छ । आमाबुवाले सक्ने पढाई लेखाई दिए तापनि आफ्नो लागि केही गर्न नसक्दाको दुःख व्यक्त गर्न सक्नु असम्भव लाग्छ ।

आफूले गर्न सक्ने काम धेरै हुन्छ तर जुनसुकै काम गर्नुलाई नागरिकताको आवश्यक्ता हुँदा आफ्नो पढाई कुनै पनि ठाउँमा उपयोग नहुने भयो । आफ्नो केही काम नहुँदा आफ्नो अस्तित्व नै नहुने अनुभव गरेकी छु । आफ्नो अस्तित्व नै नहुँदा दैनिक जीवन बाँच्न धेरै गाह्रो हुँदोरहेछ। अस्तित्वविहीन जीवन कोही पनि बाच्न चाहँदैन र म त्यही समस्यासँग जुझ्दै आएकी छु। संघर्षसँग डराउन डराएकी होइन तर संघर्ष गर्दा गर्दै आफ्नो जीवनको कुनै अस्तित्व छैन भन्ने सोचमा लागेको छु। सबै लिगल काम गर्न नागरिकताको आवश्यकता पर्छ जुन मसँग असम्भव छ। त्यसकारण जुन काम गर्दा नागरिकताको अभाव हुँदैन । त्यही काम गर्न बाध्य हुनेछु। इलिगल काम गर्न कसलाई रहर हुन्छ र तर आफ्नो अवस्था देखेर त्यो काम गर्न बाध्य हन्छु होला आउने दिनहरूमा ।

सुरूवातमा त नागरिकता के हो ? यो किन चाहिन्छ भन्ने कुरामा अल्मलेको थिएँ । जब जागिरको खोजीमा लागे, नागरिकताको मूल्य पनि बुझेँ । तैपनी मनमा आशा थियो कि सबै कार्यालयमा नागरिकता मागिदैन होला तर जति जागिरको खोजी गरें त्यति नै मेरो सोच गलत रहेको अनुभव गर्दै गएँ । जुनसुकै कार्यालयमा पनि नागरिकता आवश्यक हुने र नागरिकता बिना आफूले जागिर खाने सोच असम्भव रहेको अनुभव गरें ।

हामी सबैलाई अनुभव भएको कुरा नै हो कि नागरिकता बिना कुनै सपना पूरा गर्न असम्भव हुन्छ। त्यसअर्थ नेपालको नागरिक भएर नागरिकता नहुँदा धेरै पीडाहरू सहनुपर्ने र आफ्नो अस्तित्व नहुने कुरामा असाध्यै दुःखी अनुभव गर्छु ।

*(मधेश दर्पण फिचर सेवा)*

# राससले समयसापेक्ष आफूलाई परिवर्तन गर्नुपर्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम, ७ फागुन (रासस) ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले राससले समयसापेक्ष आफूलाई परिवर्तन गर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस) को ५९ औं वार्षिकोत्सवको अवसरमा रासस प्रदेश नं.२ कार्यालयद्वारा बुधबार जनकपुरस्थित नेपाल पत्रकार महासङ्घको कार्यालयमा आयोजित कार्यक्रममा उहाँले राज्यको आधिकारिक धारणा सार्वजानिक गर्ने सरकारी मिडियाको रूपमा रहेको राससले बदलिँदो परिस्थितमा आफूलाई पनि परिवर्तन गर्नुपर्ने बताउनुभएको हो ।

मुख्यमन्त्री राउतले राज्यको मात्र धारणा सार्वजनिक गर्ने मिडियाको रूपमा परिचित राससले सबैको भावनालाई समेट्नुपर्ने उल्लेख गर्दै सरकारको सफलता र असफलतामा मिडियाको भूमिका अहम हुने भएकाले सरकारको सकारात्मक कामलाई जनतामा लैजानु र गलत कामको आलोचनात्मक टिप्पणी गर्नु मिडियोको धर्म भएको बताउनुभयो ।

सङ्घीयतालाई मजबुत बनाउन राससले स्वतन्त्र, निष्पक्ष एवं सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिदैं उहाँले प्रेस स्वतन्त्रताको पक्षमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । मुख्यमन्त्री राउतले पत्रकार र पत्रकारितालाई व्यवस्थित बनाउनका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सङ्घीयतालाई कमजोर बनाउन पछिल्लो समय षडयन्त्र भइरहेको हुँदा यसलाई सुरक्षित गर्नु सवैको साझा दायित्व रहेको बताउनुभयो ।

कर्मचारीको अभाव र असहयोगका कारण प्रदेश सरकारले अपेक्षाकृत काम गर्न नसकेको स्वीकार्दै यस्तै अवस्था रहे लोकतन्त्र र सङ्घीयता नै धरापमा पर्नसक्ने खतरा रहेको उल्लेख गर्दै उहाँले अविलम्ब दक्ष कर्मचारी पठाउन सङ्घीय सरकारसँग आग्रह गर्नुभयो ।

प्रदेश नं २ सरकारका मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले प्रदेश सरकारले ल्याउन लागेको मिडिया विधेयकमा केही त्रुटि वा कमजोरी भए सञ्चारकर्मीसँग छलफल गरी टुङ्ग्याउने बताउँदै मिडिया विधेयकले पत्रकारितालाई व्यवस्थित र मर्यादित बनाउने दाबी गर्नुभयो ।

प्रदेश नं २ भरिमा २०७५ माघ १ गतेपछि जन्मिएका २० हजार छोरीहरूको बीमा गरेको, १४ हजार १४० छात्रालाई साइकल वितरण गरेको, सामाजिक रुपान्तरणका लागि हरेक क्षेत्रमा महिलालाई ५० प्रतिशत आरक्षण, दलित विधेयकजस्ता महत्वपूर्ण काम गरेर प्रदेश नं २ सरकारले छोटो समयमा हासिल गरेको सफलता ऐतिहासिक भएको उल्लेख गर्दै उहाँले प्रदेश सरकारको सकारात्मक काममा मिडियाले सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

वरिष्ठ पत्रकार राजेश्वर नेपालीले राससमा काम गर्दाको क्षण महत्वपूर्ण रहेको अनुभव सुनाउँदै राससलाई अझै निष्पक्ष, तथ्यपरक मिडियाको रूपमा सबैले लिने गरेको बताउनुभयो । अर्का वरिष्ठ पत्रकार रामभरोस कापडीले बद्दो सामाजिक सञ्जालको प्रयोगसँगै कतिपय गलत समाचार सामाजिक सञ्जालमा प्रयोग भइरहको बताउँदै राससलगायतका सरकारी सञ्चारमाध्यमले अझै आफ्नो विश्वनीयतालाई कायम राखेको उल्लेख गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घ धनुषाका पूर्वसभापति तथा प्रदेशसभाका सदस्य रामअशिष यादवले गणतन्त्रमा पत्रकार र पत्रकारिता अक्सिजनको रूपमा काम गरिरहेको बताउँदै अक्सिजनलाई नियन्त्रित गरेर गणतन्त्र सुरक्षित हुन नसक्ने भएकाले प्रेसलाई स्वतन्त्र बनाइराख्नुपर्नेमा जोड दिनुभयो ।

रासस प्रदेश नं २ कार्यालय जनकपुरका प्रमुख हिमांशु चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष अनिल मिश्र, रासस वीरगञ्जका प्रमुख वीरेन्द्र कर्णले राससको इतिहास, भूमिका, योगदान, समस्या र चुनौतीका विषयमा प्रकाश पार्नुभयो ।

सो अवसरमा मुख्यमन्त्री राउतले राससको उत्कृष्ट स्थानीय समाचारदाता सञ्जीतकुमार मण्डललाई पुरस्कृत गर्नुको साथै राससको स्थापनाकालमा समाचारदाताको रूपमा योगदान पुर्‍याउने वरिष्ठ पत्रकार बृजकुमार यादवलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो ।

# एक वर्षमा पन्द्र सय घटना बढे

काठमाडौँ, ७ फागुन (रासस)।

गत वर्षको तुलनामा यस वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा वृद्धि भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले बुधबार सार्वजनिक गरेको तथ्याङ्कमा २०१८ कोभन्दा २०१९ मा करिब एक हजार ५३२ घटना बढी भएका छन्।

इन्सेकले तयार पारेको अभिलेखअनुसार सन् २०१९ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा छ हजार ६४२ पीडित भएका इन्सेकका कार्यकारी निर्देशक विनयराज गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष सन् २०१८ मा यस्ता घटनामा पाँच हजार ११० पीडित भएका थिए।

यस वर्ष मानवअधिकार उल्लङ्घनका घटनामा ६८ महिला र ८६२ पुरुष गरी जम्मा ९३० तथा ज्यादतीका घटनामा पाँच हजार ५८ महिला र ६५४ जना पुरुष गरी जम्मा पाँच हजार ७१२ पीडित भएका छन्। यस वर्ष प्रहरीको गोली लागी भोजपुरमा दुई, सप्तरीमा एक, सर्लाहीमा दुई, रुपन्देहीमा एक र कपिलवस्तुमा एक गरी सातको मृत्यु भएको इन्सेकको अभिलेखमा उल्लेख गरिएको छ।

यस वर्ष यातनाका घटनामा १३, गिरफ्तारीका घटनामा ७०२, जातीय विभेदका घटनामा ६२, अमानवीय व्यवहारका घटनामा ४०, भेला तथा सङ्गठित हुने अधिकारमा ९८ र धम्कीका घटनामा ३५ तथा कुटपिटका घटनामा २७९ पीडित भएका अभिलेखमा उल्लेख गरिएको छ। यसैगरी, यस वर्ष विस्थापनका घटनामा आठ र बेपत्ता पारिएको घटनामा दुई जना पीडित भएको अभिलेख छ।

सन् २०१९ मा महिलामाथि हुने हिंसाका घटनामा तीन हजार ३६४ पीडित भएको अभिलेख भयो। सो घटनामा गत वर्ष दुई हजार ८३४ घटना भएका थिए। अभिलेखअनुसार बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा ६९, घरेलु हिंसाका घटनामा दुई हजार ७९, कथित बोक्सीको आरोपमा ४२, बलात्कारका घटनामा ५३०, बलात्कार प्रयासका घटनामा १४३, यौन दुर्व्यवहारका घटनामा ६३ र बेचबिखन तथा ओसारपसार घटनामा ५१ महिला पीडित भएको जनाइएको छ।

परिवाजनका सदस्यबाट १२९ महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १२० थियो। इन्सेकका अनुसार भने जति दाइजो नल्याएको आरोपमा १३ महिलाको हत्या भयो भने सोही कारणले ३०० महिला हिंसामा परेको उल्लेख गरिएको छ।

**बालबालिका अझै असुरक्षित**

इन्सेकका अनुसार अझै पनि धेरै बालबालिका असुरक्षित रहेका छन्। बालश्रम, बालबालिका बेचबिखन तथा ओसारपसार, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितीजस्ता बालअधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखमा उल्लेख गरिएको छ।

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एक हजार ४४७ बालबालिका पीडित भएका छन्। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। धेरैजसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन। विद्यालयमा दिइने शारीरिक दण्डका घटना अभिलेख भएकामा सबैजसो घटना मिलापत्रमा टुङ्गिने गरेको उल्लेख गरिएको छ।

**कारागारमा क्षमताभन्दा बढी कैदी**

इन्सेकले कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल नभएको पाइएको उल्लेख गरेको छ। इन्सेकका अनुसार महोत्तरीको जलेश्वर कारागारको कैदीबन्दी क्षमता १३५ रहेकामा अहिले ५३२ कैदीबन्दी छन्। देशभरका कारागारको क्षमता ११ हजारको हाराहारीमा भए पनि २३ हजारभन्दा बढी कैदीबन्दी छन्। क्षमताभन्दा बढी राखिएका कैदीबन्दीलाई सुत्न, बस्न, खाना पकाउन, खान, हिँडडुल गर्न, शौचालय जान, नुहाउन तथा खानेपानीका साथै विभिन्न रोगको सङ्क्रमणजस्ता समस्या देखिएका इन्सेकले जनाएको छ।

# कूटनीति पक्षलाई जोगाउँदै राष्ट्रिय हितमा एमसीसी पास हुन्छ : अध्यक्ष प्रचण्ड

सुर्खेत, ७ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेकपाले नेपालको राजनीतिक मानचित्र बदलेको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)द्वारा मङ्गलबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित कर्णाली प्रदेशस्तरीय 'बृहत्तर अगुवा कार्यकर्ता भेला' कार्यक्रमको उद्घाटन गर्दै उहाँले विश्वमा कम्युनिष्ट शक्तिहरू कमजोर भइरहेको बेला नेपालमा बलियो भएर आएका छन् भन्नुभयो। " दुवै पार्टीको एकताबाट एक असाधारण र ऐतिहासिक काम भएको छ", उहाँले भन्नुभयो, "यसले नेपालको राजनीतिक मानचित्र बदलेको छ।"

नेपालको कम्युनिष्टहरूलाई कमजोर पार्न अर्बौंको लगानी भइरहेको खुलासा गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "समय पाए यसबारे फेहरिस्त भन्न सकिन्छ। कम्युनिष्ट एकता बुधबारको प्रयासले मात्र नभई विभिन्न ऐतिहासिक कालखण्डदेखिको बहस, छलफल, द्वन्द्ववादी, भौतिकवादी आवश्यकताका आधारमा भएको हो।"

पूर्वप्रधानमन्त्री प्रचण्डले विश्वमै कम्युनिष्ट शासन भएको देश नेपाल र कूटनीति पक्षलाई जोगाउँदै राष्ट्रिय हितमा एमसीसी पास हुने जनाउनुभयो। कार्यदलले ल्याएको प्रतिवेदन सचिवालयको छलफलपछि मुलुकको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतामाथि असर नपर्ने गरी पास हुने उहाँले जानकारी दिँदै लिपुलेक, लिम्पियाधुरा, कालापानीका बारेमा भारतीय सरकारलाई लिखित जानकारी गराइसकिएको र अब सरकारले लिपुलेक, लिम्पियाधुरा सम्मिलित नेपालको नयाँ नक्सा जारी गर्ने बताउनुभयो।

पूर्वप्रधानमन्त्री एवं नेकपाका माधव नेपालले कम्युनिष्ट पार्टी कमिटी प्रणालीमा विश्वास गर्ने बताउनुभयो। "नेपालमा राजनीतिक क्रान्ति पूरा भएको छ", उहाँले भन्नुभयो, "अब आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आवश्यक छ।"

नेता नेपालले नेकपाको राष्ट्रियताको मुद्दाले जनतालाई आकर्षित गरेको जिकिर गर्दै कार्यकर्ताको मूल्याङ्कन उसको आचरण र कामका आधारमा हुने प्रष्टयाउभयो।

नेकपा महासचिव विष्णु पौडलले कम्युनिष्टले हनुमानले जडीबुटी ल्याऊभन्दा दोर्णाचल पर्वत उचालेर ल्याएजस्तो काम नेकपाले गरेको तर्क गर्नुभयो। जनताको पीडा, समस्या र अभावमा कम्युनिष्टको परीक्षा भइरहको बताउँदै वडास्तरदेखि केन्द्रतहसम्मका सबै नेता कार्यकर्ताले जनताका पक्षमा असल काम गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो। महासचिव पौडेलले भन्नुभयो, "पार्टी नेतृत्वसँग कर्णालीको पीडा छ। यहाँहरूले भन्नुभएको छ कि सङ्घीय सरकारले किन बुझ्दैन कर्णाली ? अब कर्णालीको पीडा र भइरहेको विभेद हुन नदिने वाचा गर्दछु।"

कार्यक्रममा नेकपा स्थायी समिति सदस्य तथा कर्णाली प्रदेशका इन्चार्ज जनार्दन शर्माले नेतृत्वको थोरै सहयोग पुगे कर्णाली अगाडि बढ्ने बताउनुभयो। उहाँले कर्णालीको मर्म बुझ्न नेतृत्वलाई अनुरोध गर्दै नेकपाको एकीकृत शक्तिले यहाँको पहाडलाई भत्काएर मैदान बनाउन सकिने दृढता व्यक्त गर्नुभयो।

सहइन्चार्ज यामलाल कँडेलले सरकार तथा केन्द्र पार्टीले कर्णालीको विकासबिना मुलुकको विकास र समृद्धि असम्भव भएको बताउनुभयो।

उहाँले प्रदेशपिच्छेको धरातल फरक भएको औंल्याउँदै परिस्थिति, परिवेश, सुचकाङ्क र अवस्था बुझेर काम गर्न केन्द्रीय नेतृत्वलाई सुझाउनुभयो। भेला कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सरकारले गरेका कामकारवाहीका बारेमा जानकारी दिनुभयो।

उक्त कार्यक्रममा कर्णाली प्रदेशका अध्यक्ष गोरखबहादुर बोगटीसहित यहाँका १० वटै जिल्लाका नेकपाका अध्यक्षले जिल्लास्तरमा हालसम्म भए/गरेका पार्टीका काम, गतिविधि र अन्य प्रगतिको विवरण प्रस्तुत गर्नुभएको थियो। भेलामा कर्णाली प्रदेश समितिका पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश सदस्य, जिल्ला इन्चार्ज, अध्यक्ष, सचिवसहित पार्टी अगुवाको सहभागिता रहेको थियो।

# 'क्वारेन्टाइनमा राखिएका सबै नेपाली स्वास्थ्य भएकाले कोही त्रसित हुन पर्दैन'

काठमाडौँ, ७ फागुन (रासस)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चीनको हुवेई प्रान्तबाट स्वदेश ल्याइएका सबै नेपाली नागरिक स्वस्थ्य रहेको र परीक्षणमा कुनै पनि संक्रमण नदेखिएकाले कोही पनि त्रसित हुनुपर्ने जनाएको छ।

मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले भक्तपुरको चाँगुनारायण नगरपालिकाको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालीम केन्द्रमा क्वारेन्टाइनका लागि तयार गरिएको स्थानमा राखिएका सबै नेपालीमा 'नोभेल कोरोना भाइरस २०१९' नकारात्मक देखिएको जानकारी गराउनुभयो।

नेपालबाट अध्ययन तथा व्यवसायका क्रममा चीनको हुवेई प्रान्तका उहानलगायत विभिन्न शहरमा रहेका १७५ जना नेपाली नागरिकलाई उद्धार गरी यही फागुन ४ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नै प्रारम्भिक परीक्षणपश्चात् प्राधिकरणको तालीम केन्द्रमा पुऱ्याइएको थियो।

फागुन ४ गते राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका प्राविधिकहरूले क्वारेन्टाइनस्थलमा नै पुगी १७५ जनाको नाक र घाँटी भित्रको स्वावको नमूना सङ्कलन गरी प्रयोगशालामा ल्याएर परीक्षण गरिएको थियो। यो परीक्षण फागुन ४, ५ र ६ गतेसम्म सघन रुपमा गरिएको मन्त्रालयका प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

प्रयोगशालाबाट फागुन ६ गते

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# कोरोना भाइरसबाट चीनमा मृत्यु हुने व्यक्तिको संख्या दुई हजारभन्दा बढी

बेइजिङ, ७ फागुन (रासस/एपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजारभन्दा बढी भएको चिनियाँ स्वास्थ्य अधिकारीले बुधबार जनाएका छन्।

गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान सहरबाट शुरु भएको यस भाइरसका कारण हाल्का केही दिनयता एकै दिनमा करिब १०० व्यक्तिको मृत्यु हुने गरेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका थिए। केही दिनमा यतादेखि यो घटना क्रम जारी रहेको थियो।

मङ्गलबार भने एकै दिनमा यस भाइरसको सङ्क्रमणका कारण १३६ जनाको मृत्यु भएको एपी समाचार समितिले बुधबार जनाएको छ।

मङ्गलबार प्राप्त एक समाचारका अनुसार यस भाइरसबाट चीनभरीमा मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार चार जना पुग्नुको साथै ७४ हजार १८५ व्यक्ति सङ्क्रमित भएका छन्।

चिनियाँ रोग नियन्त्रण र रोकथाम केन्द्रले सोमबार दिएको एक जानकारीअनुसार यस रोगको शुरुवाती घटनाको अध्ययन गर्दा यस भाइरसको थप सङ्क्रमणको सङ्ख्या यस महिनाको शुरुबाट ८० प्रतिशतले घटेको छ।

विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओका महानिर्देशक टेड्रोस अडानोम गेब्रियसले सोमबार भएको एक पत्रकार सम्मेलनमा प्रकोपको स्पष्ट तस्वीर दिएको बताउनुभएको छ।

जारी अनुसन्धानअनुसार यस रोगको सङ्क्रमणको दर घट्दो मात्रामा देखिन थालेका बताइएको छ। महानिर्देशक गेब्रियसले अहिले नै सङ्क्रमण दर घटेको भनेर निष्कर्ष निकाल्नु एकदमै चाँडो हुने पनि बताउनुथियो।

वैज्ञानिकले कोभिड-१९ नाम दिएको यो भाइरसको नियन्त्रणमा खटिएका कम्तीमा कम्तीमा दुई हजार स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन्अ्स। यसबाट सङ्क्रमणबाट सात जना स्वास्थ्यकर्मीको उपचारका क्रममा मृत्यु भएको छ।

यस भाइरसको प्रकोप नियन्त्रणका लागि विश्वका नेताले चीनलाई साथ दिने प्रतिबद्धता जनाउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घ, विश्व स्वास्थ्य सङ्गठन, युरोपेली युनियनसहित विश्वका नेताले पनि यो सङ्क्रमणको नियन्त्रणमा चीनलाई सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

भाइरसको शुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुबेई प्रान्तमा यस भाइरसबाट बढी नागरिक प्रभावित छन्।

# अस्ट्रेलियाको मेलबोर्नमा दुई साना बिमान ठोक्किए, चार जनाको मृत्यु

मेलबोर्न, ७ फागुन (रासस/एएफपी)।

अस्ट्रेलियाको मेलबोर्नको ग्रामीण इलाकामा बुधबार दुई वटा साना बिमान आकाशमै एकआपसमा ठोक्किएर त्यसमा सवार चारै जनाको मृत्यु भएको छ।

प्रहरीले दुवै बिमानमा एकएक जना पाइलट र एकएक जना यात्रु सवार रहेको जनाएको छ। ती दुई बिमान म्यान्गालोर शहरमा करिब ४ हजार फिट माथि आकाशमा ठोक्किएका थिए।

दुवै बिमान कानुनीरूपमा वैध रहेका भए पनि घटनाको अनुसन्धान भइरहेको अधिकारीले बताएका छन्।

# दक्षिण कोरियाका पूर्वराष्ट्रपतिलाई जेल सजाय

सियोल, ७ फागुन (रासस/एएफपी)।

दक्षिण कोरियाका पूर्वराष्ट्रपति ली म्यूङ-बाक विरुद्ध भ्रष्टाचारको आरोपमा १७ वर्ष जेल सजाय दिइएको छ। अदालतबाट ली म्यूङविरुद्ध यसअघि तोकिएको सजाय घटाउन मागदाबी गर्दै दायर पुनरावेदन अदालतले बुधबार खारेज गरिदिएको हो।

सन् २००८ देखि २०१३ सम्म राष्ट्रपति रहनुभएका ली म्यूङलाई सन् २०१८ मा जेल हालिएको थियो। उहाँमाथि त्यसबखत १५ वर्षको जेल सजाय र एक करोड १० लाख अमेरिकी डलर जरिवाना तोकिएको थियो। अदालतमा अपिल गरेपछि उहाँलाई तारेखमा छाडिएको थियो।

सियोलस्थित जिल्ला अदालतमा बुधबार भएको सुनुवाइका क्रममा अदालतले विगतको भन्दा बढी सजाय सुनाएको हो। आफूले विगतमा गरेका गल्तीको म्यूङले कुनै प्रायःश्चित नगरेको र जिम्मेवारीबोधसमेत नगरेको अदालतको ठहर छ।

आफ्नो शासनकालमा राष्ट्रपति म्यूङले पदीय दुरुपयोग गरी करछलीको आरोपमा जेलमा परेका सामसुङ इलेक्ट्रोनिक्सका अध्यक्ष ली कुन-हीलाई जेलबाट छुटाउन घुस लिएर माफी दिनुभएको थियो।

अर्का पूर्वराष्ट्रपति पार्क गिउन-हेलाई शक्तिको दुरुपयोग गरेको आरोपमा ३२ वर्षको जेल सजाय दिइएको छ।

